फोन नं.०९१५०१०१

भजनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
७ नं. प्रदेश, नेपाल

प.सं. :- २०७५/०७६(कृषि विकास शाखा)
च.नं. :-

मिति :-२०७६।०२।०२

विषय :- कृषि यान्त्रिकरणका लागि अनुदानमा कस्टम हाईरिङ्ग सेन्टर स्थापना तथा संचालन गर्न चाहने उपभोक्ताहरुले प्रस्ताव पेश गर्ने बारेको सुचना ।

प्रथम पटक प्रकाशित मिति २०७६।०२।०२

उपरोक्त विषयमा सुदुरपश्चिम प्रदेश, कृषि, भुमी व्यवस्था तथा सहकारी मन्त्रालय र यस भजनी नगरपालिकासंग भएको सम्झौता बमोजिम कृषि यान्त्रिकरणको प्रवर्द्धनमा सहयोग पुर्‍याउन २ बटा कृषि समुह/सहकारी संस्था मार्फत अनुदानमा कस्टम हाईरिङ्ग सेन्टर स्थापना तथा संचालन गराउने कार्यक्रम रहेकोले यस भजनी नगरपालिका वडा नं.२ र ४ भित्रबाट (१/१बटा) कृषि समुह/सहकारी संस्था छनौट गर्नुपर्ने भएकोले ईच्छुक कृषि समुह/सहकारी संस्थाहरुलाई तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही ७ दिन भित्र प्रस्ताव पेश गर्न हुन यो सुचना प्रकाशित गरिएको छ ।

तपसिल

१. यो कार्यक्रम सुदुरपश्चिम प्रदेश सरकारले जारी गरेको "कृषि यान्त्रीकरणका लागि साझेदारीमा कस्टम हाईरिङ्ग सेन्टर स्थापना तथा संचलान कार्यविधी, २०७५" को अधिनमा रही संचालन गरिने छ ।

२. कृषि समुह/सहकारी संस्थाहरुले प्रस्ताव पेश गर्दा उक्त कार्यविधीको अनुसुची ४ (क) र (ख) बमोजिमको ढाँचा तथा अनसुची ५ (क) वा (ख) मा उल्लेखित कागजातहरु संलग्न राखी तोकिएको म्याद भित्र कार्यालय समयमा पेश गर्नु पर्नेछ ।

३. सामान्यतया यो कार्यक्रम कृषि समुह/सहकारी संस्थाहरु मार्फत संचालन गर्न प्राथमिकता दिईनेछ ।

४. अनुदान रकमको हकमा कृषि, भुमी व्यवस्था तथा सहकारी मन्त्रालय, सुदुरपश्चिम प्रदेशले कार्यक्रमको कुल स्वीकृत लागतको ६० प्रतिशत रकम व्यहोर्नेछ भने यस भजनी नगरपालिकाले ३० प्रतिशत र उपभोक्ताहरुले १० प्रतिशत रकम व्यहोर्नुपर्नेछ ।

५. कृषि समुह/सहकारी संस्थाहरुले पेश गरेका प्रस्तावहरु स्वीकार गर्ने नगर्ने अन्तिम एवं पुर्ण अधिकार यस भजनी नगरपालिकामा रहनेछ ।

६. थप विस्तृत जानकारीका लागि यस भजनी नगरपालिकाको कृषि विकास शाखामा सम्पर्क गर्न सकिनेछ ।

(लोक बहादुर सुनार)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत